# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

## अधिकृत बिक्रेता (डिलरसिप) नियुक्तिसम्बन्धी निर्देशिका

२०८१

**प्रधान कार्यालय**

**भद्रकाली प्लाजा, काठमाडौं**

# अधिकृत बिक्रेता (डिलरसिप) सम्बन्धी निर्देशिका-२०८१

**一) प्रस्तावनाः**

नेपाल सरकारको निर्णयानुसार आ.व.२०७५/७६ मा, नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिंग लिमिटेडलाई एक आपसमा गाभी सम्वत् २०७६।०२।१० गते **खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड (FMTCL)** को स्थापना भई देशमा खाद्यान्न आपूर्ति व्यवस्थापन सुचारु गर्ने र आम उपभोक्ताहरुलाई उपभोग्य सामाग्रीहरु सहज तथा सर्वसुलभ रुपमा उपलब्ध गराउने लगायतका व्यावसायिक क्रियाकलाप सञ्चालन गर्ने कार्यमा क्रियाशील रही आएको छ।यसका साथै कम्पनीले खाद्यान्न तथा अन्य वस्तु उत्पादन कार्य समेत गरिरहेको छ। यसै सन्दर्भमा, कम्पनीले मुलुकभर आफ्ना उत्पादन सहित विभिन्न सामाग्रीहरुको सहज आपूर्ति, अधिकृत बिक्रेता (डिलरसिप) मार्फत समेत गर्न बाञ्छनीय भएकाले,

कम्पनीको नियमावलीको नियम ३३ (च) ले दिएको अधिकार प्रयोग गरी यो **"अधिकृत बिक्रेता (डिलरसिप) नियुक्तिसम्बन्धी निर्देशिका २०८१"** तयार कम्पनी सञ्चालक समितिले यो निर्देशिका बनाएको हो।

## परिच्छेद-१

**二) संक्षिप्त नाम तथा प्रारम्भः**

क) यो निर्देशिकाको नाम "अधिकृत बिक्रेता (डिलरसिप) नियुक्ति निर्देशिका २०८१" रहने छ।

ख) यो निर्देशिका खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको सञ्चालक समितिबाट स्वीकृत भएको मिति २०८१ पौष १७ गते बाट लागु हुनेछ।

**三) परिभाषा: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:-**

一) "निर्देशिका" भन्नाले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट जारी गरिएको "अधिकृत बिक्रेता (डिलरसिप) नियुक्तिसम्बन्धी निर्देशिका २०८१" लाई जनाउनेछ ।

二) "कम्पनी" भन्नाले कम्पनी ऐन २०६३ अनुसार स्थापित 'खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड' लाई जनाउनेछ ।

三) "पदाधिकारी भन्नाले" नायव कार्यकारी अधिकृत, विभागीय प्रबन्धक/प्रमुख वा कार्यालयको जिम्मेवारी लिने कुनै पनि कर्मचारीलाई सम्झनु पर्दछ।

四) "व्यावसायिक वस्तु" भन्नाले कम्पनीले उत्पादन तथा खरिद बिक्री गर्ने सबै प्रकारका वस्तुहरुलाई जनाउनेछ।

五) "खाद्य वस्तु/ पदार्थ" भन्नाले कम्पनीले कारोबार गर्ने खाद्यवस्तु, धान, चामल, पिठो, मैदा, सुजी, गहुँ, मकै, सिमी, गेडागुडी, दाल, तेल, दलहन, तेलहन, ड्राई फलफूल, चिनी, पानी, रैथानेबालीहरु (चिनो, कागुनो, जुम्ली मार्सी, फापर, भटमास, कोदो, कर्णालीको सिमी, उवा आदी) तथा मदिराजन्य पदार्थ लगायत अन्य खाद्यवस्तु समेतलाई जनाउनेछ।

六) "अन्य वस्तु" भन्नाले धागो, लत्ताकपडा, जुत्ता, फर्निचर, भाँडाकुँडा, इलेक्ट्रोनिक सामान, मेसिनरी औजार, निर्माण सामग्री, रसायनिक तथा जैविक मल, सवारी साधन, वनजन्य वस्तु लगायत कानुनले वैध ठानेका अन्य गैर खाद्यवस्तु समेतलाई जनाउनेछ।

七) "अधिकृत बिक्रेता (डिलरसिप)" भन्नाले कम्पनीले आफ्ना व्यावसायिक वस्तु कारोबार गर्न तोकिएका प्रमाणपत्र प्राप्त बिक्रेता वा डिलरलाई जनाउनेछ।

## परिच्छेद-२

**四) कम्पनीले अधिकृत बिक्रेता (डिलरसिप) नियुक्त गर्न सक्ने :-**

१) कम्पनीले व्यावसायिक कारोबार गर्ने खाद्यवस्तु तथा अन्य वस्तुहरु देश भरिका बिभिन्न स्थानमा बिक्री वितरण गर्नका लागि व्यावसायिक फर्म वा कम्पनी वा संस्थालाई कम्पनीले अधिकृत बिक्रेता (डिलरसिप) नियुक्त गर्न सक्नेछ ।

२) उपदफा (१) मा उल्लेख भए अनुसार अधिकृत बिक्रेता (डिलरसिप) नियुक्ति गरेको व्यावसायिक फर्म वा कम्पनी वा संस्थालाई कम्पनीले अधिकृत बिक्रेता (डिलरसिप) प्रमाण पत्र प्रदान गर्नेछ।

**五) अधिकृत बिक्रेता (डिलरसिप) इजाजतपत्रको लागि योग्यताः** (१) कुनै पनि फर्म वा सहकारी वा कानुन बमोजिम व्यावसायिक कारोबार गर्ने इजाजत प्राप्त संस्था कम्पनीको अधिकृत बिक्रेता (डिलरसिप) प्राप्त गर्नका लागि निम्न अनुसारको योग्यता भएको हुनु पर्नेछः

क) प्रचलित कानुन अनुसार दर्ता भई व्यवसाय संचालन गरिरहेको।

ख) व्यावसायिक करदाताको रुपमा करमा दर्ता भएको (मूल्य अभिबृद्धि करमा दर्ता भएको)।

ग) कम्पनीले कारोबार गर्ने व्यावसायिक वस्तु कारोबार गर्न सक्ने उद्देश्य भएको ।

घ) फर्म वा कम्पनीका सञ्चालकहरु मध्ये कुनैले पनि फौजदारी कसुरमा सजाय नपाएको ।

ङ) कानुनी रुपमा अयोग्य नठहरिएको।

**六) अधिकृत बिक्रेता (डिलरसिप) नियुक्तिका लागि आवेदन :-**

१) कम्पनीले अधिकृत बिक्रेता (डिलरसिप) नियुक्तिका लागि कम्तिमा ७ दिनको म्याद राखी अधिकृत बिक्रेता (डिलरसिप) आवश्यक पर्ने स्थान प्रष्ट हुने गरी अनुसूची १ मा तोकिए अनुसारको सूचना मार्फत निबेदन आह्वान गर्नेछ ।

२) यसरी आह्वान गरिएको सूचनाका आधारमा दफा ५ मा उल्लेख भएका योग्यता पुगेका इच्छुक व्यावसायिक फर्म वा कम्पनी वा संस्थाले अनुसूचि २ बमोजिमको ढाँचामा अधिकृत बिक्रेता (डिलरसिप) भई कार्य गर्न कम्पनीमा आवेदन पेश गर्नेछन्।

**七) अधिकृत बिक्रेता (डिलरसिप) नियुक्ति :**

**一)** प्राप्त आवेदन मध्ये योग्य रहेका आवेदकहरुको आवेदन प्रतिस्पर्धात्मक विधिबाट छनौट गरिनेछ ।

二) कम्पनीमा अधिकृत बिक्रेता (डिलरसिप) का लागि प्राप्त व्यावसायिक फर्म वा कम्पनी वा संस्थाहरुको मूल्याङ्कन कम्पनीले अनुसूची ३ मा उल्लेख भएको मापदण्डका आधारमा छनौट गर्नेछ ।

三) कम्पनीले तोकेको मापदण्डका आधारमा अधिकृत बिक्रेता (डिलरसिप) छनौट गर्दा व्यावसायिक फर्म वा कम्पनी वा संस्था बिच अस्वस्थ व्यावसायिक प्रतिस्पर्धा नहुने गरी अधिकृत बिक्रेता (डिलरसिप) छनौट गरिनेछ।यसका लागि  निश्चित भौगोलिकमा एउटा मात्रै अधिकृत बिक्रेता (डिलरसिप) छनौट गरिनेछ।

四) छनौट भएको अधिकृत बिक्रेता (डिलर) लाई छनौट भएको सूचना दिनु पर्नेछ। उक्त सूचनामा सम्झौता गर्न सम्पर्क राख्न आउनु पर्ने स्थान र ल्याउनु पर्ने आवश्यक कागजातहरुको विवरण समेत उल्लेख गरिनेछ।

五) यसरी छनौट भएको अधिकृत बिक्रेता (डिलर) ले छनौट भएको सूचना प्राप्त भएको मितिले ७ दिनभित्र सम्झौता गर्न कम्पनीले तोकेका कागजात सहित तोकेको स्थानमा उपस्थित हुनु पर्नेछ ।

六) बिक्री वितरणका लागि सामान लिनु पूर्व नियुक्त अधिकृत बिक्रेता (डिलर) ले अग्रिम रूपमा रकम भुक्तानी वा कम्तिमा ६ महिना म्याद भएको बैंक जमानत दाखिला गर्नु पर्नेछ। बैंक जमानत दाखिला गरेको अवस्थामा अधिकृत बिक्रेताले बैंक जमानतको म्याद भित्रै बाँकी रकम भुक्तानी गरी सक्नुपर्नेछ अन्यथा कम्पनीले जमानत पेश भएको बैंकमार्फत रकम असुलउपर गरी लिन सक्नेछ ।

七) अधिकृत बिक्रेता नियुक्त गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित हुनेछ ।

八) कम्पनीले अनुसूची ४ मा संलग्न रहेको सम्झौता बमोजिमको ढाँचामा अधिकृत बिक्रेतासँग सम्झौता गर्नेछ।

九) कम्पनी व्यवस्थापनले सम्झौताका सर्तहरु आवश्यकतानुसार थपघट गर्न सक्नेछ।

八) **सहकारीलाई अधिकृत बिक्रेता नियुक्त गर्न सक्नेः**

१) कम्पनीले खाद्य तथा अन्य वस्तु बिक्री वितरण गर्ने उद्देश्य रहेका तथा उपभोग्य वस्तु बिक्रीमा संलग्न रहेका देशका बिभिन्न स्थानमा क्रियाशील इच्छुक सहकारीहरुलाई समेत अधिकृत बिक्रेता नियुक्त गर्न सक्नेछ। यसको लागि कम्पनीले सूचना प्रकाशित गरी योग्य सहकारीहरुबाट आवेदन माग गर्न सक्नेछ। यसरी आवेदन  दिँदा सहकारीले अनुसूचि (२) मा रहेको आवेदन को ढाँचामा निवेदन पेश गर्नु पर्नेछ। निवेदन साथ सहकारी दर्ता तथा नवीकरण, कर दर्ता, कर चुक्ता, वार्षिक कारोबार खुल्ने कागजात लगायतका कागजातहरुको प्रतिलिपि समेत संलग्न गर्नुपर्ने छ।

२) आवेदन  प्राप्त भए पश्चात कम्पनीले आन्तरिक मूल्याङ्कनको प्रक्रियाबाट योग्य तथा सक्षम सहकारीलाई आवश्यकता अनुसार अधिकृत बिक्रेता नियुक्त गर्न सक्नेछ। अधिकृत बिक्रेता नियुक्त गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित हुनेछ।

३) कम्पनीले नियुक्त अधिकृत बिक्रेता सहकारीसँग अनुसूची ४ मा संलग्न रहेको अधिकृत बिक्रेता (डिलरसिप)  सम्झौता गर्नेछ।

九) **बिक्री मूल्य तथा बिक्रेता कमिसन सम्बन्धी व्यवस्थाः** (१) छनौट भई नियुक्त भएका अधिकृत बिक्रेता (डिलर) ले कम्पनीबाट उपलब्ध हुने सामाग्रीहरु निम्नानुसारको व्यवस्थामा बिक्री गर्नुपर्ने छ।

क) नियुक्त भएका अधिकृत बिक्रेता/डिलरले कम्पनीले तोकेको मूल्यमा वस्तु बिक्री वितरण गर्नुपर्ने छ। तर, कम्पनीले खाद्यान्न तथा अन्य वस्तु उपलब्ध गराउने गोदाम रहेको स्थान र अधिकृत बिक्रेताको बिक्री कक्षको दूरी १० कि.मि. भन्दा बढी भएमा उपरोक्त मूल्यमा ढुवानी भाडा जोडेर आउने मूल्यमा बिक्री गर्न सक्नेछ। यसरी ढुवानी जोड्दा जिल्ला दररेट वा स्थानीय निकायले तोकेको ढुवानी दररेटलाई आधार मानी ढुवानी भाडा जोड्नु पाउनेछ ।

ख) अधिकृत बिक्रेताले कम्पनीका खाद्यवस्तु तथा अन्य वस्तु बिक्री वितरण गर्दा खाद्य तथा अन्य वस्तुको लोड अनलोड, ढुवानी, कमिसन बापत कम्पनीको बिक्री कक्ष, गोदाम, डिपो, कार्यालयले त्यस क्षेत्रमा निर्धारण गरेको बिक्री मूल्य (गेट प्राईस) मा कम्तिमा ६ प्रतिशत कमिसन प्राप्त गर्नेछन्। वस्तु अनुसारका विक्री मूल्य तथा मुनाफा प्रतिशत कम्पनीको खरिद तथा आर्थिक प्रशासन विनियमावलीमा उल्लेख भएको मूल्य निर्धारण समितिले तय गर्नेछ।

**+) खाद्य तथा अन्य वस्तुको बिक्री तथा डेलिभरीः**

१) कम्पनीले आफ्ना अधिकृत बिक्रेता/डिलरहरुलाई पायक पर्ने आफ्ना गोदाम, डिपो, कार्यालय, बिक्री कक्षहरुबाट खाद्यवस्तु तथा अन्य वस्तु उपलब्ध गराउनेछ।

२) अधिकृत बिक्रेता/ डिलरले कम्पनीबाट खरिद गर्न चाहेको सामाग्रीहरूको माग प्रस्तुत गरी सो बापतको हुन आउने रकम अग्रिम रुपमा कम्पनीको बैंक खातामा उपलब्ध हुने गरी भुक्तानी गर्नु पर्नेछ ।

३) कम्पनीले उपयुक्त देखेमा बैंक ग्यारेण्टीमा समेत खाद्यवस्तु तथा अन्य वस्तु उपलब्ध गराउन सक्नेछ।यसरी बैंक ग्यारेण्टीमा वस्तु उपलब्ध गराउँदा अधिकृत बिक्रेता/डिलरले आफूले लिन चाहेको सामाग्रीको कूल मूल्य भन्दा बढी रकम बराबर हुन आउने कम्तिमा ६ महिना समयावधि भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ। बैंक ग्यारेण्टीमा उपलब्ध गराएको वस्तुहरुको रकम अधिकृत बिक्रेता (डिलर)ले ३ (तीन) महिना भित्र फरफारक गराउनु पर्नेछ। सो हुन नसकेमा कम्पनीले बैंक जमानतबाट रकम असुल गर्न सक्नेछ।

४) कम्पनीबाट वस्तु खरिद गरि लैजाँदा, अधिकृत बिक्रेताले हेरी बुझी, वस्तुको परिमाण, गुणस्तर यकिन गरी बुझिलिनु पर्नेछ।

५) अधिकृत बिक्रेताले त्रैमासिक रूपमा कम्पनीबाट लगेका खाद्यान्न तथा अन्य वस्तुहरुको बिक्री सम्बन्धी प्रतिवेदन कम्पनीमा उपलब्ध गराउनु पर्नेछ।

६) अधिकृत बिक्रेताले कम्पनीले उपलब्ध गराएको खाद्यान्न तथा अन्य वस्तुको मूल्यसूचि ग्राहकले देख्ने गरी राखेको हुनुपर्नेछ।

७) कम्पनीको नीति नियम पालन गरी कम्पनीबाट उपलब्ध भएको खाद्यान्न तथा अन्य वस्तु बिक्री वितरण भए नभएको तथा अधिकृत बिक्रेता (डिलर)ले पालन गर्नुपर्ने आबश्यक मापदण्ड पालन गरे नगरेको बारे समयसमयमा अनुगमन गर्न सक्ने छ। यसरी अनुगमन गर्दा कम्पनीको आधिकारिक अनुगमनकर्तालाई अनुगमनमा सघाउनु पर्ने तथा मागेको सूचना दिनुपर्ने दायित्व अधिकृत बिक्रेता (डिलर)को रहनेछ।

**+–) निलम्बन सम्बन्धी व्यवस्थाः**

१) अधिकृत बिक्रेता (डिलरसिप)को ईजाजत प्राप्त व्यावसायिक फर्म वा कम्पनी वा संस्थाले कम्पनीको उद्देश्य बिपरीत वा सम्झौतामा उल्लेख भएका शर्त पालन नगरेको पाइएमा उपयुक्त विषयहरु प्रष्ट उल्लेख गरी कम्पनीले तत् सम्बन्धी कुराहरु प्रष्ट पार्न बढीमा ३० दिनको समय दिई अधिकृत बिक्रेता (डिलरसिप) प्राप्त व्यावसायिक फर्म वा कम्पनी वा संस्थालाई पत्राचार गर्नेछ।

२) कम्पनीले प्रेषित पत्र प्राप्त गरेको अवधिबाट ३० दिन भित्र उपयुक्त बिषयहरु बारे आफ्ना कुरा प्रष्ट हुने गरी कम्पनीमा जवाफ दिनु पर्नेछ ।

३) यस्तो जबाफ प्राप्त भएको एक हप्ता भित्र कम्पनीको विक्री वितरण विभागका विभागीय प्रबन्धक/प्रमुखको नेतृत्वमा बिक्री वितरण विभाग र आन्तरिक नियन्त्रण विभागका अधिकृत स्तरका प्रतिनिधी रहेको ३ सदस्यीय समितिले आवश्यक छानविन तथा अध्ययन विश्लेषण गरी निलम्बन गर्नुपर्ने वा नपर्ने भन्ने विषयमा मनासिव कारण खोली आफ्नो राय प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्नेछ र सो रायका आधारमा कम्पनीको प्रमुख कार्यकारी अधिकृतले कुनै पनि व्यावसायिक फर्म वा कम्पनी वा संस्थालाई प्रदान गरेको अधिकृत बिक्रेता (डिलरसिप) निलम्बन गर्ने वा नगर्ने निर्णय गर्न सक्नेछ ।

४) यसरी निलम्बन गरिएको जानकारी कम्पनीले सम्बन्धित अधिकृत बिक्रेता (डिलर)लाई गराउनेछ।जानकारी प्राप्त भए पछि व्यावसायिक फर्म वा कम्पनी वा संस्थाले कम्पनीलाई भुक्तानी गर्नुपर्ने रकम, शुल्क, आदि ७ दिनभित्र बुझाउनु पर्नेछ। नबुझाएमा कम्पनीमा राखेको धरौटीबाट कम्पनीले कट्टी गरी हिसाब मिलान गर्न सक्नेछ। साथै कम्पनीबाट प्राप्त इजाजत रद्द भएको मानिनेछ र अधिकृत बिक्रेता (डिलर)ले आफूसँग भएका सबै प्रमाण पत्र र इजाजतपत्र  जो जे छन् कम्पनीमा फिर्ता गर्नु पर्नेछ ।

## परिच्छेद-३

**+=) विविध**

१) यो निर्देशिकाका कुनै वा सबै प्रावधान, कम्पनी व्यवस्थापनले कुनै पनि समयमा निलम्बन, खारेजी तथा प्रतिस्थापन गर्न सक्नेछ।

२) यस निर्देशिकाले अधिकृत बिक्रेता (डिलरसिप) सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित राख्दछ।

३) कम्पनीको तर्फबाट यो निर्देशिका स्वीकृत भए पछि यसलाई लागु गर्ने दायित्व कम्पनी व्यवस्थापनको हुनेछ।

४) यो निर्देशिका बमोजिम अधिकृत बिक्रेता (डिलरसिप) नियुक्तिसम्बन्धी सम्झौता गर्ने जिम्मेवारी प्रमुख कार्यकारी अधिकृत वा निजले अधिकार प्रत्यायोजन गरेको पदाधिकारीको हुनेछ।

५) यस निर्देशिकाको कुनै दफा/उपदफामा थप व्याख्या वा प्रष्ट पार्नुपर्ने भएमा कम्पनी सञ्चालक समितिले गर्न सक्नेछ ।

६) यस निर्देशिका बमोजिम कामकारवाही गर्ने क्रममा कुनै विवाद उत्पन्न भएमा आपसी छलफलबाट सहमतिका आधारमा टुङ्गयाइनेछ। यदि सो हुन नसकेमा सो विवाद कम्पनीको सञ्चालक समितिको निर्णयबाट टुङ्गयाइनेछ। सञ्चालक समितिको निर्णयमा असहमति भएमा कानुन बमोजिम हुनेछ।

**+Ξ) प्रतिस्थापन र बचाउ**

–) यो निर्देशिका लागु भए पछि यस अघिको "अधिकृत बिक्रेता (डिलर) मार्फत खाद्यवस्तु बिक्री वितरण गर्ने निर्देशिका २०७६" र "सहकारी मार्फत खाद्यवस्तु वितरण गर्ने निर्देशिका २०७६" लाई यस निर्देशिकाले प्रतिस्थापन गर्नेछ, साथै यस अघिको निर्देशिका बमोजिम भए गरेका कामकारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

*****

# अनुसूची १

## <u>अधिकृत बिक्रेता नियुक्तिका लागि सूचना</u>

सूचना प्रकाशित मिति :    /   /

नेपाल सरकारले नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ लिमिटेडलाई एक आपसमा गाभी नेपाल सरकारको खाद्य नीति कार्यान्वयन गर्ने लगायतका उद्देश्य राखी “खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड” स्थापना गरेको हो।यो कम्पनी खाद्यान्न लगायतका अत्यावश्यकीय उपभोग्य वस्तुको सहज र सुलभ आपूर्तिमा बजार निर्माताको भूमिका खेल्दै सक्षम व्यावसायिक संस्थाको रुपमा स्थापित भइरहेको छ। यसले राष्ट्रिय स्तरमा खाद्य आपूर्ति श्रृखला व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्नुका साथै प्रतिस्पर्धात्मक वातावरणमा गुणस्तरीय खाद्यान्न लगायतका अत्यावश्यकीय उपभोग्य वस्तु तथा सेवाको सहज र सुलभ आपूर्ति गरी नेपाली नागरिको खाद्य सम्प्रभुताको हक सुनिश्चित गर्नमा योगदान दिइरहेको छ।

खाद्य सुरक्षाको सुनिश्चिततामा योगदान गर्ने, किसानको उत्पादन र स्वदेशी उद्योगले प्रोत्साहन पाउने तथा उपभोक्ताले प्रतिस्पर्धी मूल्य एवं गुणस्तरका अत्यावश्यक वस्तु सहज र सुलभ रुपमा प्राप्त गर्न सक्ने गरी बजार निर्माताको भूमिका खेल्ने, उपलब्ध श्रोत साधनको अधिकतम उपयोग तथा व्यावसायिक क्रियाकलाप विस्तार र विविधीकरण गर्दै दिगो आय आर्जन गर्ने, अत्यावश्यक वस्तु तथा सेवाको माग र आपूर्तिका तथ्याङ्कीय आधार तयार गरी नीति निर्माण गर्न आवश्यक सहयोग पुऱ्याउने तथा कम्पनीलाई व्यवसाय—उन्मुख एवं उत्तरदायी बनाउने आदि यस कम्पनीका प्रमुख उद्देश्यहरु रहेका छन्।

यसै सन्दर्भमा यस कम्पनीबाट उपलब्ध हुने सम्पूर्ण सामग्रीहरुको अधिकृत बिक्रेतामार्फत बिक्री वितरण गराउने प्रयोजनका लागि अधिकृत बिक्रेताको नियुक्ति गर्न यो सूचना प्रकाशन गरिएको छ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको "अधिकृत बिक्रेता (डिलर) मार्फत खाद्यान्न बिक्री वितरण गर्ने निर्देशिका २०८१" को शर्त तथा व्यवस्था अनुसार कम्पनीबाट उपलब्ध हुने सामाग्रीको बिक्री वितरण गर्न इच्छुक व्यावसायिक फर्म, कम्पनी वा संस्थाहरुले अधिकृत बिक्रेता नियुक्तिको लागि यस कार्यालयमा तपसिलका कागजात सहित सूचना प्रकाशन भएको ७दिन भित्र कम्पनीमा आइपुग्ने गरी तोकिएको ढाँचामा आवेदन दिनुपर्नेछ।

<u>तपसिल</u>

१. अधिकृत बिक्रेता हुन चाहने फर्म वा कम्पनी वा संस्थाहरूले फर्म, कम्पनी वा संस्था दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, गत आ. व. को करचुक्ता प्रमाणपत्र, यस आ. व. को कर विवरण दाखिला गर्ने म्याद थपको प्रमाणपत्र, मदिरा, खाद्यवस्तु तथा अन्य वस्तुहरू वितरण गर्न अनुमति प्राप्त गरेको कागजातको छाँयाप्रति निवेदन साथ पेश गर्नु पर्नेछ।

२. अधिकृत बिक्रेता हुन चाहने फर्म वा कम्पनी वा संस्थाहरुले बिक्री वितरणका लागि सामान लिनु पूर्व नियुक्त अधिकृत बिक्रेताले रकम भूक्तानी वा कम्तीमा ६ महिना म्याद भएको बैंक जमानत दाखिला गर्नुपर्नेछ। तोकिएको म्यादभित्र रकम भुक्तानी गर्नुपर्नेछ। समयावधी भित्र भुक्तानी हुन नसकेको अवस्थामा बाँकी रहेको रकममा प्रति महिना १५% को दरले ब्याज लाग्नेछ।

३. बिक्री वितरणका लागि सामान लिनु पूर्व नियुक्त अधिकृत बिक्रेता (डिलर)ले अग्रिम रूपमा रकम भुक्तानी वा कम्तिमा ६ महिना म्याद भएको बैंक जमानत दाखिला गर्नु पर्नेछ। बैंक जमानत दाखिला गरेको अवस्थामा अधिकृत बिक्रेताले बैंक जमानतको म्यादभित्रै बाँकी रकम भुक्तानी गरी सक्नुपर्नेछ अन्यथा कम्पनीले जमानत पेश भएको बैंकमार्फत रकम असुलउपर गरी लिन सक्नेछ ।

४. खाद्यवस्तु वा अन्य वस्तु बिक्री सम्बन्धी प्रतिवेदन कम्पनीले माग गरेको ढाँचामा अधिकृत बिक्रेताले खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई त्रैमासिक रूपमा उपलब्ध गराउनु पर्नेछ।

५. नियुक्ति भएका डिलरले कम्पनीको खाद्यवस्तु अधिकतम बिक्री मूल्यमा नबढ्ने गरी प्रतिस्पर्धी दररेटमा बिक्री गर्नु पर्नेछ। कम्पनीको गोदामदेखि अधिकृत बिक्रेताको गोदामसम्मको दुरी तथा ढुवानी सहजता समेतलाई ध्यानमा राखी कम्पनीले सामानको मूल्य तय गर्नेछ ।

६. खाद्यवस्तु बिक्री गरी दिए बापत अधिकृत बिक्रेताले प्राप्त गर्ने बिक्री कमिशन बजार र कम्पनीको अवस्था हेरी कम्पनीले समय समयमा निर्धारण गरेबमोजिम हुनेछ र यससम्बन्धी सम्पूर्ण अधिकार कम्पनी व्यवस्थापनमा निहित रहनेछ ।

नोटः अधिकृत बिक्रेता (डिलरसिप) नियुक्तिसम्बन्धी निर्देशिका २०८१ बमोजिमको आवेदन को नमुना कम्पनीको वेवसाइट www.fmtc.org.np बाट डाउनलोड गर्न सकिनेछ।

# अनुसूची २

## अधिकृत बिक्रेता (डिलरसिप)आवेदन

मिति: ................

श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.

प्रधान कार्यालय, काठमाण्डौ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. को मिति .............. को सूचना अनुसार मेरो/हाम्रो व्यावसायिक फर्म/कम्पनी/संस्था त्यस कम्पनीको अधिकृत बिक्रेता (डिलर) भई व्यावसायिक कार्य गर्न योग्य एवं इच्छुक रहेकोले कम्पनीको नियमानुसार ..........जिल्ला/क्षेत्र/बजारका लागि अधिकृत बिक्रेता (डिलरसिप) प्रदान गरिदिनहुन अनुरोध गर्दछु/ गर्दछौं ।

म/हामी कम्पनीले तोकेको गुणस्तर र नीतिमा रही कम्पनीले उपलब्ध गराएको क्षेत्राधिकार भित्र व्यवसाय गर्ने बिश्वास दिलाउँदछौं। मेरो/हाम्रो संस्था प्रचलित कानुन अनुसार दर्ता भई व्यवसाय संचालन गरिरहेको, व्यावसायिक करदाताको रुपमा कर दर्ता र मूल्य अभिवृद्धि करमा दर्ता भएको, कम्पनीले कारोबार गर्ने व्यावासयिक वस्तु कारोबार गर्न सक्ने गरी उद्देश्य भएको, संस्थाका सञ्चालकहरु मध्ये कुनैले पनि फौजदारी कसुरमा सजाय नपाएको तथा कानुनी रुपमा अयोग्य नरहेको स्वघोषणा गर्दछौं ।

कम्पनीको नियमानुसार आवश्यक पर्ने सूचना यसै आवेदन साथ संलग्न रहेको फाराममा भरी संस्थाको निर्णयको प्रतिलिपि, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर दर्ताको प्रतिलिपि,कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, व्यावसायिक कारोबार खुलाउने विगत ३ वर्षको लेखापरीक्षण प्रदिवेदनको प्रतिलिपिहरु, तथा अन्य आवश्यक कागजातहरु यसै साथ संलग्न गरी पेश गरेको छु/छौं ।

धन्यवाद

आधिकारिक प्रतिनिधी

हस्ताक्षर :

नाम : .................

पदः

(नोटः एक भन्दा बढी सञ्चालक रहेको संस्थाले संस्थागत निर्णय गरी निवेदक व्यक्तलाई अधिकार प्रत्यायोजन गरेको निर्णयको प्रतिलिपि समेत संलग्न हुनुपर्ने छ।)

# अनुसूची २.१

## अधिकृत बिक्रेता (डिलरसिप)आवेदन फाराम

मितिः ................

| | | |
|---|---|---|
| संस्थाको नाम | : | |
| ठेगाना | : | |
| फोन नम्बर | : | |
| मोबाइल नम्बरः | : | |
| फ्याक्स नम्बर | : | |
| इमेल | : | |
| फर्मको प्रकार | : | **प्रोप्राइटरशिप/पार्टनरसिप/पब्लिक लिमिटेड कम्पनी/ प्राइभेट लिमिटेड कंम्पनी/सहकारी /अन्य (उल्लेख गर्नुहोस)................... :** <br> *[कृपया संस्थाका आधिकारिक दर्ता प्रमाण पत्रको प्रतिलिपि, विनियम, विधान कम्पनी मेमोरेन्डम, साझेदारी सम्झौता आदिको प्रतिलिपि संलग्न गर्नुहोस्।]* |
| अधिकृत बिक्रेता (डिलरसिप) मार्फत कारोबार गर्न खोजेको क्षेत्र /बजार | : | |
| सम्पर्क व्यक्ति | : | नाम : <br> सम्पर्क नम्बर : <br> इमेल : |
| कारोबार गरिरहेको स्थानको ठेगाना | : | |
| फर्म कम्पनी संस्थासँग रहेका मुख्य मुख्य स्थिर सम्पत्तिहरु **(घर, जग्गा, मेसिन औजार, सवारी साधन आदिको सूची )** | : | |

| | | |
|---|---|---|
| बैंक खाता विवरण | : | बैंकको नाम :<br>ठेगाना ................................................. ................................ :<br>/ को प्रकार(✓ :(बचत/चल्ति/अन्य (उल्लेख गर्नुहोस)................... :<br>खाता नं........... ..................................................... .<br>हस्ताक्षरकर्ताको नाम :<br>.................................... ...................................<br>(पछिल्लो ६ महिनाको बैंक खाताको स्टेटमेन्ट संलग्न गर्नुहोस) |
| अन्य थप केही भए लेख्नुहोस | : | |

वर्तमानमा अधिकृत बिक्रेता डिलरसिप रहेको विवरण:

| क्र.सं. | अधिकृत बिक्रेता डिलरसिप रहेको कम्पनी फर्मको नाम /ठेगाना | वस्तु तथा उत्पादनहरू | वार्षिक कारोबार परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| | | | | |

सहायक कम्पनी वा फर्म (हरू) भए तिनीहरुको नाम र ठेगानाः

| क्र.सं. | सहायक कम्पनी वा फर्मको नाम र ठेगाना |
|---|---|
| १. | |
| २. | |

**कारोबारः**

पछिल्ला तीन आर्थिक वर्षहरुको कारोबार रकम रु.

| वर्ष | १ | २ | ३ |
|---|---|---|---|
| कारोबार रकम रु. | | | |

हाम्रो ........................................ फर्म /कम्पनी /संस्था, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.को आधिकारिक बिक्रेता (डिलर) नियुक्ति भएको खण्डमा कम्पनीको अधिकृत बिक्रेता (डिलरसिप) नीतिको पूर्ण पालना गर्नेछौं ।कम्पनीको खाद्यवस्तु तथा अन्य वस्तुको अधिकतम विक्री मूल्यमा नबढ्ने गरी प्रतिस्पर्धी दररेटमा बिक्री गर्ने प्रतिद्धता गर्दछौं ।यस आवेदन मा उल्लेख गरिएका सूचना तथा अन्य कुराहरु सत्य तथा सही रहेका छन्। यसमा गलत तथा झुटो कुरा पेश गरेको बाट पर्न जाने असुविधा एवं कुनै पनि जोखिमका लागि पूर्णरुपमा म वा हामी स्वयं जिम्मेवार हुनेछु/छौं । त्यसवापत हुन जाने प्रचलित कानुन अनुसारको कारबाही सहन तथा बुझाउन म/ हामी मञ्जुर छु/छौं।

आधिकारिक प्रतिनिधिको

हस्ताक्षर :

नाम : .................

पदः

संस्थाको छाप:

# अनुसूची ३

## अधिकृत बिक्रेता (डिलरसिप) छनौट मापदण्ड

कम्पनीले तोकेको मापदण्डका आधारमा अधिकृत बिक्रेता (डिलरसिप) छनौट गर्दा व्यावसायिक फर्म वा कम्पनी वा संस्था बिच व्यावसायिक प्रतिस्पर्धा नचर्किने गरी अधिकृत बिक्रेता (डिलरसिप) छनौट गरिनेछ। यसका लागि एकै प्रकारको वस्तुका लागि एक बजार क्षेत्र (Area)मा एउटा मात्रै अधिकृत बिक्रेता (डिलरसिप) छनौट गरिनेछ ।

### न्यूनतम मापदण्ड

| | | |
|---|---|---|
| नियमनुसार आवेदन प्राप्त भएको | छ /छैन | यदि छैन भने त्यस्ता आवेदन कर्ता यस पछिको छनौट प्रकृयाका लागि अयोग्य ठहरिनेछन् । |
| संस्था दर्ता तथा नवीकरण | भए /नभएको | यदि नभएको भए त्यस्ता आवेदन कर्ता यस पछिको छनौट प्रकृयाका लागि अयोग्य ठहरिनेछन् । |
| मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र | भए /नभएको | यदि नभएको भए त्यस्ता आवेदन कर्ता यस पछिको छनौट प्रकृयाका लागि अयोग्य ठहरिनेछन् । |
| गत आ. व. सम्मको कर चुक्ताको प्रमाणपत्र | भए /नभएको | यदि नभएको भए त्यस्ता आवेदन कर्ता यस पछिको छनौट प्रकृयाका लागि अयोग्य ठहरिनेछन् । |
| अधिकृत बिक्रेता हुन चाहेको वस्तुहरुको बिक्री वितरण गर्न अनुमति प्राप्त गरेको कागजातको छाँयाप्रति | भए /नभएको | यदि नभएको भए त्यस्ता आवेदन कर्ता यस पछिको छनौट प्रकृयाका लागि अयोग्य ठहरिनेछन् । |
| यस आ .व . को आय विवरण दाखिला गर्ने म्याद थप वा कर चुक्ता प्रमाणपत्र | भए /नभएको | छनौटमा पर्न सक्ने देखिएमा सम्बन्धित कागजात पेश गर्न ७ दिनको समय दिइने छ । |

माथि उल्लेखित कुराहरु न्यूनत्तम मापदण्ड रहेका छन्।यी पूरा नगर्ने फर्म कम्पनी संस्थाहरुलाई अधिकृत बिक्रेता (डिलरसिप) नियुक्त गरिने छैंन। यी पूरा गरेका एक भन्दा थप फर्म कम्पनी संस्था एकै ठाउँका लागि आवेदन पेश गरेका भए निम्न अनुसारका मापदण्डका आधारमा अधिकृत बिक्रेता (डिलरसिप) छनौट गरिने ।

### प्रतिस्पर्धात्मक मापदण्ड

| मापदण्डहरु | अधिकत्तम अंकभार | अंकभारको आधार | प्राप्त अंक |
|---|---|---|---|
| संस्थाको कारोबार गरिरहेको वर्ष | १० अंक | • ५ वर्ष भन्दा बढी भएमा: !० अंक<br>• ४ देखि ५ वर्षः ९ अंक<br>• ३ देखि ४ वर्षः ८ अंक<br>• २ देखि ३ वर्षः ७ अंक<br>• १ देखि २ वर्षः ५ अंक<br>• १ भन्दा कम वर्ष भएकोमा ३अंक | |

| | | | |
|---|---|---|---|
| अधिकृत बिक्रेता (डिलरसिप) माग गरिरहेको स्थानमा कारेबार गरिहरेको अवधि | % C+ S | • ३ वर्ष भन्दा बढी भएमाः ५ अंक<br>• २ देखि ३ वर्षः ३ अंक<br>• १ देखि २ वर्षः २ अंक<br>• १ भन्दा कम वर्ष भएकोमाः १अंक<br>• हाल सम्म कामै नगरेकोः ० अंक | |
| बार्षिक कारेबार | २० अंक | • रु. १ करोड भन्दा बढी भएमाः २० अंक<br>• रु.८० लाख देखि १ करोड सम्मः १५ अंक<br>• रु.५० लाख देखि ८० लाख सम्मः १० अंक<br>• रु.३० लाख देखि ५० लाख सम्मः ७ अंक<br>• रु.३० लाख भन्दा कम भएकोमाः ५ अंक | |
| संस्थाको किसिम | १० अंक | • सहकारीः १० अंक<br>• फर्मः ८ अंक<br>• कम्पनी रजिष्टार कार्यालयमा दर्ताः ८ अंक | |
| सञ्चालक | ५ अंक | • एकल व्यवसायको सञ्चालक वा अन्य व्यवसायका सबै सञ्चालक महिला तथा दलित जनाजातिः ५ अंक<br>• एकल व्यवसायको सञ्चालक वा अन्य व्यवसायका सबै सञ्चालक दलित जनाजातिः ४ अंक<br>• एकल व्यवसायको सञ्चालक वा अन्य व्यवसायका सबै सञ्चालक महिलाः ४ अंक<br>• एकल व्यवसायको सञ्चालक वा अन्य व्यवसायका सञ्चालक मध्ये आधा दलित महिला वा जनाजाति महिलाः ३ अंक<br>• एकल व्यवसायको सञ्चालक वा अन्य व्यवसायका सञ्चालक मध्ये आधा महिला भएमाः २ अंक<br>• एकल व्यवसायको सञ्चालक वा अन्य व्यवसायका सञ्चालक मध्ये आधा दलित वा जनजातिः २ अंक\<br>• उपरोक्त बाहेकको भएमाः १ अंक | |
| जम्मा | ५० | | |

उपरोक्त अनुसारको अंक तालिकामा सबै भन्दा बढी अंक ल्याउनेलाई छनौट गरिने छ।

अनुसूची ४

<u>अधिकृत बिक्रेता (डिलरसिप) सम्झौता</u>

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रधान कार्यालय, काठमाडौं

र

....................................................

बीच

<u>अधिकृत बिक्रेता (डिलरसिप) सम्बन्धी भएको सम्झौता पत्र</u>

कम्पनी ऐन २०६३ अनुसार गठन भई केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा,काठमाडौंमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड (जसलाई यसपछि "कम्पनी" भनिनेछ) र मिति ................................ मा ...................... ऐन .................. दफा ............... अनुसार स्थापित, .................. कार्यालय रहेको ................................... (जसलाई यस पछि "डिलर" भनिनेछ) बिच कम्पनीको आफ्नो उत्पादन वा यस कम्पनीको सहायक कम्पनीहरुका उत्पादन अथवा खरिद बिक्री गरिरहेका वस्तुहरु आधिकारिक बिक्रेता (डिलरसिप) भई ...................................... बिक्री वितरण गर्न गराउन तपसिलका शर्तहरुको पालन गर्ने गरी दुबै पक्षको मञ्जुरी भई आज मिति ..................... का दिन दुबै पक्षका आधिकारिक प्रतिनिधिहरुले प्रचलित कानुन अन्तर्गत यो सम्झौताको दुई प्रतिमा हस्ताक्षर गरी एक-एक प्रति लियौं/दियौं।

<u>सम्झौताका शर्तहरु</u>

१. डिलरको नियुक्ति

१.१ कम्पनीले .......................................... डिलरलाई कम्पनीका उत्पादनहरूको बिक्री वितरणको लागि आधिकारिक डिलरको रूपमा नियुक्त गर्दछ।

१.२ डिलरले यो नियुक्ति स्वीकार गरी यस सम्झौतामा उल्लिखित शर्तहरूको पालना गर्दै कम्पनीका उत्पादनहरूको प्रचार तथा बिक्री वितरण गर्न आफूले हदै सम्मको प्रयास गर्नुपर्नेछ।

२. सम्झौताको समयावधी

२.१ यो सम्झौता मिति ......................... देखि शुरू भई सामान्यतया एक वर्ष सम्मको लागि कायम रहनेछ, बुदा नं २.२.मा उल्लिखित प्रावधानहरूको पालना नभएको अवस्थामा समयावधी अगावै पनि यो सम्झौता समाप्त गर्न सकिनेछ।

२.२ सम्झौताको खारेजीः कुनै पनि पक्षले निम्न अवस्थामा यो सम्झौता समाप्त गर्न सक्छः

- डिलरले कम्पनीमा सम्झौता रद्द गर्ने बारेमा [३० दिन अगाडि] लिखित सूचना दिएमा।
- यदि डिलरले यस सम्झौताका कुनै प्रावधानको उल्लङ्घन गरेको खण्डमा उल्लङ्घनको सूचना प्राप्त गरेको [३०] कार्यदिन भित्र उक्त उल्लङ्घन गरेको विषयवस्तु समाधान नभएको खण्डमा।
- डिलर दामासाहीमा परेमा वा विघटन भएमा।

३. डिलरको दायित्वहरू

३.१ बजारीकरण र प्रचारः डिलरले आफ्नो क्षेत्रभित्र कम्पनीका उत्पादनहरूको सक्रिय रूपमा प्रचार गर्नुपर्नेछ र निर्देशिकाको पूर्ण पालना गर्नुपर्नेछ।

३.२ बिक्री लक्ष्यहरूः डिलरले कम्पनीले निर्धारण गरेको बिक्री लक्ष्यहरू पूरा गर्ने प्रयास गर्नुपर्नेछ र बिक्री वितरण तथा प्रचार प्रसार गतिविधिहरूको नियमित रूपमा कम्पनीलाई जानकारी दिनुपर्नेछ।

३.३ मूल्य निर्धारण र बिक्री नीतिः डिलरले कम्पनीको मूल्य निर्धारण नीतिको पालना गर्नुपर्नेछ र कम्पनीको प्रतिष्ठामा क्षति पुऱ्याउने कुनै पनि क्रियाकलापमा संलग्न हुन पाइनेछैन।

३.४ रिपोर्टिङः डिलरले त्रैमासिक रूपमा कम्पनीलाई बिक्री वितरण, मौज्दातको अवस्था र ग्राहकको प्रतिक्रिया समेटेको प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ।

४. कम्पनीको दायित्वहरू

४.१ उत्पादनको आपूर्ति व्यवस्थाः कम्पनीले आफ्नो उत्पादनको उपलब्धताको अधीनमा, डिलरको बिक्री लक्ष्य पूरा गर्न आवश्यक मात्रामा वस्तुहरु डिलरलाई उपलब्ध गराउनुपर्नेछ।

४.२ तालिम तथा सहयोगः कम्पनीका उत्पादनहरूलाई प्रभावकारी रूपमा बेच्न र बजार प्रवर्द्धन लागि आवश्यक भए अनुसार डिलरका कर्मचारीहरूलाई तालिम तथा आवश्यकता अनुसार अन्य सहयोग प्रदान गर्न सक्नेछ।

४.३ बजारीकरण सामग्रीः कम्पनीले बिक्री तथा व्यापार विस्तारका लागि आवश्यक प्रचार प्रसार सामग्रीहरू उपलव्ध गराउनेछ।

५. भुक्तानीका सर्तहरू

५.१ मूल्य निर्धारणः डिलरले कम्पनीले निर्धारण गरेको मूल्य अनुसार तोकिएका वस्तुहरु खरिद गर्नेछ, जसमा कम्पनीबाट विशेष समयमा लागू हुने सहुलियत मूल्य समेत आवश्यकता अनुसार समावेश हुनेछ।

५.२ भुक्तानीः डिलरले अधिकृत बिक्रेता (डिलरसिप) नियुक्ति निर्देशिका २०८१, को अनुसूची १ मा उल्लेखित प्रावधान अनुसार कम्पनीलाई भुक्तानी गर्नुपर्नेछ। समयावधी भित्र भुक्तानी हुन नसकेको अवस्थामा बाँकी रहेको रकममा प्रति महिना १५% को ब्याज लाग्नेछ।

५.३ कर सम्बन्धी व्यवस्थाः कानुन बमोजिम लागू हुने डिलर तर्फको सम्पूर्ण कर, शूल्क, र अन्य सरकारी शूल्कहरू डिलरले व्यहोर्नु पर्नेछ।

६. बौद्धिक सम्पत्तिमा अधिकार

६.१ कम्पनीका आफ्ना उत्पादनहरू, ट्रेडमार्क, र लोगोसम्बन्धी सम्पूर्ण बौद्धिक सम्पत्तिको अधिकार कम्पनीमा निहित रहनेछ। डिलरलाई कम्पनीका उत्पादनहरूको प्रचार गर्ने उद्देश्यका लागि मात्र कम्पनीले ट्रेडमार्क र लोगोहरू प्रयोग गर्न गैर-हस्तान्तरणीय इजाजत प्रदान गर्न सक्नेछ।

६.२ कम्पनीको लिखित सहमति बिना डिलरले कम्पनीको बौद्धिक सम्पत्तिमा कुनै परिवर्तन गर्न सक्नेछैन।

७. गोपनीयता

**डिलरले कम्पनीबाट प्राप्त कुनै पनि गोप्य सूचनाहरु तेस्रो पक्षलाई उपलव्ध गराउने छैन। यो सर्त सम्झौता समाप्त पश्चात पनि पालना गर्नुपर्नेछ।**

**८. जिम्मेवारीको सीमितता**

**कम्पनी यो सम्झौतासँग सम्बन्धित वा यसबाट उत्पन्न हुने कुनै पनि अप्रत्यक्ष वा परिणामी हानीका लागि डिलरप्रति उत्तरदायी हुनेछैन।**

**९. विविध**

९.१ कानुनी आधारः **यो सम्झौता अधिकृत बिक्रेता (डिलरसिप) नियुक्तिसम्बन्धी निर्देशिका २०८१ र मुलुकी देवानी संहिता २०७४ को करार सम्बन्धी व्यवस्थाको अधीनमा रही व्याख्या तथा लागू गरिनेछ।**

९.२ पूर्ण सम्झौताः यो सम्झौताले यसमा उल्लिखित विषयसँग सम्बन्धित सम्पूर्ण पक्षहरूसंग सम्वन्धित समझदारीलाई प्रतिनिधित्व गर्दछ र यसअघि भएका सबै सम्झौताहरूलाई प्रतिस्थापन गर्दछ।

९.३ संशोधनः यो सम्झौतामा गरिने कुनै पनि संशोधन लिखित तथा दुबै पक्षबाट हस्ताक्षरित हुनुपर्नेछ।

९.४ सूचनाः यस सम्झौता बमोजिम आवश्यक सम्पूर्ण सूचना लेखेर माथि उल्लिखित ठेगानामा पठाउनु पर्नेछ।

९.५ यस सम्झौताका शर्तहरु पालना गर्दा कुनै विवाद वा असहमति सिर्जना भएमा दुबै पक्षको छलफलबाट समाधान गरिनेछ। तर त्यसरी समाधान हुन नसकेको खण्डमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**निम्न साक्षीहरूको रोहवरमा यस सम्झौतामा हस्ताक्षर गरिएको छ।**

| **.............................................................. को तर्फबाट** | **खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. को तर्फबाट** |
|---|---|
| नाम : | नामः ................................. |
| पद : | पदः प्रमुख कार्यकारी अधिकृत |
| हस्ताक्षर : | हस्ताक्षर : |
| | मिति :................................ |
| मिति :........................... | कार्यालयको छापः |
| कार्यालयको छापः | |
| साक्षीः | साक्षीः |
| नामः | नाम : .................... |
| हस्ताक्षर : | हस्ताक्षर : |
| **पद :** | **पदःविभागीय प्रवन्धक** |

इति सम्वत २०८. साल .......... गते रोज ...... शुभम् ................................................।